श्री

# सिन्धुपाल्चोक जिल्ला अदालत

चौतारा, सिन्धुपाल्चोक ।

कृपया पत्र व्यवहार गर्दा प्राप्त पत्र संख्या र मिति उल्लेख गर्नु होला ।

पत्र संख्या :- ०७६/०७७
चलानी नं. :-

Email-info.dcsindhupalchowk@supremecourt.gov.np
☏०११-६२०१०१

मिति २०७६/०४/२९

## सूचना ! सूचना !! सूचना !!!

यस अदालतको बाल इजलासमा समाजसेवी, बालमनोविज्ञ वा बाल विशेषज्ञको रुपमा काम गर्न ईच्छुक देहायका योग्यता पुगेका बालबालिका सम्बन्धी ऐन २०७५ को दफा ६२ बमोजिम समाजसेवी, बालमनोविज्ञ वा बाल विशेषज्ञको रुपमा सूचीकृत भएका नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र यस अदालतमा शैक्षिक योग्यता पुगेका तालिम प्राप्त प्रमाणपत्रको प्रतिलिपी, नागरिकताको प्रमाणीत प्रतिलिपी र बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६२ बमोजिम समाजसेवी, बालमनोविज्ञ वा बालविशेषज्ञको रुपमा सूचीकृत भएको प्रमाणपत्रको प्रतिलिपीसाथ निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**आवश्यक शैक्षिक योग्यताः-**

१. **समाजसेवीका लागीः-** मान्यता प्राप्त विश्वविद्यालयबाट सामाजिक कार्य, बाल विकास वा बाल अधिकारको विषय लिई कम्तिमा स्नातक तह वा सो सरहको उपाधी प्राप्त गरेको वा मान्यता प्राप्त विश्वविद्यालयबाट कुनै विषयमा कम्तिमा एक महिनाको तालिम प्राप्त गरेको वा फौजदारी कसुरमा अदालतबाट सजाय नपाएको हुनुपर्ने ।

२. **बालमनोविज्ञ वा बाल विशेषज्ञको लागीः-** मान्यता प्राप्त विश्वविद्यालयबाट मनोविज्ञान विषय लिई कम्तिमा स्नातक तह वा सो सरहको उपाधी प्राप्त गरेको वा मान्यता प्राप्त विश्वविद्यालयबाट कुनै विषयमा कम्तिमा दुई महिनाको तालिम प्राप्त गरेको र फौजदारी कसुरमा अदालतबाट सजाय नपाएको हुनुपर्ने ।

०७६।४।२९
श्रेस्तेदार
शाखा अधिकृत

"न्यायपालिकाको स्वतन्त्रताः न्यायिक सुशासन हाम्रो प्रतिबद्धता"